स्वतन्त्र, निर्भिक, निष्पक्ष एवं खोजमूलक पत्रकारिताका लागि

www.madisetionline.com

# माादीसेती प्रवाह

राष्ट्रिय दैनिक

MADISETI PRAWAHA NATIONAL DAILY

वर्ष १० अंक १४ शुक्रवार १६ साउन २०७७ July 31 Friday, 2020 MADISETI PRAWAHA पृष्ठ ४ मुल्य रु. ५।-

के तपाई सुपथ मूल्यमा गुणस्तरीय हार्डवेयरका सामाग्रिको खोजीमा हुनुहुन्छ ? अब हामीलाई सम्झनुहोस्

प्रो. कृष्ण अधिकारी 
०६५-५९०१११, ९८०१३०३००९

प्रो. विरेन्द्र पौडेल 
९८४६२४३४१०, ९८४६३७१७६५

होम हार्डवेयर प्रा.लि.

न्यास-२, बागबजार, दमौली, तनहुँ

हाम्रा सेवाहरू

१) एशियान पेन्टस । २) प्लाई एभरेष्ट डोर्सको तनहुँ, लमजुङ, गोरखाको मुख्य खुद्रा तथा होलसेल बिक्रेता । ३) विजुली तथा वाइरिङ्का सामानहरू। ४) बेनेकार्डो ब्राण्डका वाथरूम फिटिङ्स् एण्ड सेनेटरीका सम्पूर्ण सामानहरू पाइन्छ

एक पटक हामीलाई सेवा गर्ने मौका दिनुहोस् ।

माघ र फागुन महिनामा विशेष छुटको व्यवस्था गरिएको छ

## प्रजिअसँग पत्रकार भेटघाट

# सञ्चारमैत्री बन्नेछु : प्रजिअ आचार्य

माादीसेती प्रवाह

**दमौली/१५, साउन**

भरखरै मात्र सरुवा भई आएका प्रमुख जिल्ला अधिकारी सागर आचार्यले बिहीबार परिचयात्मक पत्रकार भेटघाट गरेका छन् । भेटघाटको क्रममा प्रजिअ आचार्यले आफु सञ्चारमैत्री वन्दै जिल्लाका कार्यालयहरुलाई समेत सञ्चारमैत्री बताउने प्रतिबद्धता जनाएका छन् । पत्रकारहरुले विभिन्न सरकारी कार्यालयहरुबाट आवश्यक सूचना समेत नदिने गरेको तथा सुचनाको हक अन्तर्गत सार्वजनिक गर्नुपर्ने सूचना समेत प्रवाह नगरेको गुनासो गरेपछि प्रजिअ आचार्यलृ सूचना लुकाउन नदिने बताएका हुन् । जिल्लाका केही कार्यालयहरुमा अनिवार्य रुपमा तोकिनुपर्ने सूचना अधिकारी समेत तोकिएकोले सुचनाको हक कार्यान्वयनमा असहज भएको पत्रकारहरुको भनाई थियो । कोरोना जोखिमको हिसावले



अस्तव्यस्थ भएको दमौली बजारलाई व्यवस्थित बनाउनमो समन्वय गरि अगाडि बढ्ने उनले बताए । ग्रामीण क्षेत्रबाट बजारमा सामग्री खरिद गर्न आउदा सामान्य सुरक्षा सामग्री प्रयोग समेत नगरिएको उनको भनाई थियो । कोरोनाबाट बच्नका लागि अपनाइने सामान्य सावधानी समेत नअपनाउदा जोखिम वढेकाले यसलाई कडाई गर्नुपर्ने पत्रकारहरुको सुझाव थियो । प्रहरी र प्रशासनले कडाई गरेर मात्र

*वाँकी पृष्ठ ४ मा*

# मास्क प्रयोग नगर्ने ७२ जना कारवाहीमा

माादीसेती प्रवाह

**दमौली/१५, साउन**

कोभिड १९ को संक्रमण बढ्दै गइरहेको सन्दर्भमा बिना मास्क घर बाहिर निकस्ने ७२ जनालाई तनहुँ प्रहरीले शुक्रवार कार्वाही गरेको छ। कोभिड संक्रमण रोकथाम तथा नियन्त्रणको लागि जिल्लावासीलाई सचेतना जगाउन मास्क समेत वितरण गर्ने गरिएको छ। मास्क नलगाई पैदल हिड्ने तथा सवारीसाधनहरु चालउने व्यक्तिहरुसँग कारवाही स्वरुप



जिल्ला प्रहरी कार्यालय तनहुँले मास्क नलगाई हिड्ने ७२ जनालाई कारवाही गरेको हो ।विश्व व्यापी रुपमा फैलिएको कोभिड १९ विरुद्ध जनचेतना फैलाउँदै रोकथाम तथा नियन्त्रणका लागि प्रयासरत तनहुँ प्रहरीले मास्क प्रयोग नगर्नेलाई कारवाही गरेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायव उपरीक्षक युवराज तिमिल्सिनाले जानकारी दिए । उनका अनुसार सय रुपयाँ जरिवाना कारवाही गरिएको उनले बताए । जिल्ला प्रशासन कार्यालय तनहुँको निर्देशन एवं जिल्ला प्रहरी कार्यालय तनहुँ र जिल्ला ट्राफिक कार्यालय तनहुँको सक्रियतामा कारवाही अभियान थालिएको हो । कारवाही स्वरुप सरकारले तोके बमोजिम उनीहरुलाई प्रतिव्यक्ति एक सय रुपैयाँ जरिवाना गरिएको हो, डिएसपी तिमस्सेनाले भने ।

## प्रकोप जोखिम पहिचान गर्दै

# तनहुँका स्थानीय तह

कृष्ण न्यौपाने

**दमौली/१५, साउन**

तनहुँ जिल्लाका स्थानीय तहहरूले मनसुनको समयमा प्रकोपका जोखिम हुनसक्ने सम्भावित स्थानको पहिचान गर्ने भएका छन् । जिल्लाका विभिन्न स्थानमा यस वर्ष बाढी पहिरामा पुरिएर १३ जनाको ज्यान गइसकेको र अझै पनि प्रकोपका जोखिम हुनसक्ने बताइएको छ। यस्तो अवस्थालाई ध्यादिँदै स्थानीय तहले आ(आफ्ना क्षेत्रमा प्रकोपका जोखिम हुनसक्ने स्थानको पहिचान गरी जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्न लागेका हुन् । जिल्ला विपद् व्यवस्थापन समितिको बुधबार बसेको बैठकले स्थानीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाई जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र एवं क्लष्टर नेतासँग निरन्तर सम्पर्क तथा समन्वयमा रहने व्यवस्था मिलाउने निर्णय गरेको छ । बैठकले मनसुन अवधिमा अझै पनि प्रकोपका घटना दोहोरिन सक्ने अवस्थालाई मध्यनजर गर्दै विभिन्न कार्यालय तथा सङ्घसंस्थाले आआफ्नो स्रोत साधन एवं सम्भव भएसम्म आपत्कालीन सहयोग सामग्रीको व्यवस्था गरी तयारी अवस्थामा राख्न निर्देशन दिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिए। हालको मनसुनको समयमा हुनसक्ने बाढी पहिरालगायतका प्रकोपका घटनालाई विशेष ध्यानमा राखी खोज, उद्धार तथा आपत्कालीन राहत वितरण कार्यलाई चुस्त र प्रभावकारी बनाउन नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका दक्ष खोज तथा उद्धारकर्ता सुरक्षाकर्मी सम्मिलित टोलीलाई आवश्यक सामग्रीसहित तयारी अवस्थामा राख्न निर्देशन दिइएको छ। उनका अनुसार जिल्ला विपद् व्यवस्थापन कोषमा प्राप्त हुने गरी रु ५० लाख निकासाका लागि गृहमन्त्रालयमा अनुरोध गरिएको छ। साथै जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति तथा सम्बद्ध सरकारी एवं गैरसरकारी सङ्घसंस्थाले आपत्कालीन अवस्थामा वितरण गर्नुपर्ने राहतको व्यवस्थापन गरी तयारी अवस्थामा रहने निर्णय गरिएको छ। बाढी पहिराबाट सडक, विद्युत्, खानेपानी, सिँचाइ, दूरसञ्चारलगायतका भौतिक पूर्वाधार तथा संरचनाको क्षति हुन गएमा तत्काल मर्मतसम्भार गरी सञ्चालन गर्न र जनजीवनलाई पूर्ववत् अवस्थामा ल्याउन जिल्लामा रहेका सम्बन्धित विषयगत कार्यालय तयारी अवस्थामा रहने भएका छन् । हालको समयमा बाढी पहिरा, अधिक वर्षा, सडक अवरोध जस्ता बहाना बनाई दैनिक उपभोग्य सामानको कार्टेलिङ, कृत्रिम अभाव सिर्जना गरी कालोबजारी हुनसक्ने अवस्थालाई मध्यनजर गरी उद्योग वाणिज्य सङ्घले जिल्लामा रहेका अन्य वाणिज्य सङ्घसँग समेत मिली समन्वय र सहकार्य गरी आपूर्ति व्यवस्थालाई सहज बनाउन निर्देशन दिइएको छ। बैठकले विदेशबाट नेपाली नागरिक भित्रने क्रम जारी रहेको र अन्य तरिकाबाट समेत कोभिड(१९ को सङ्क्रमण बढी रहेको अवस्थालाई मध्यनजर गरी हाल सञ्चालनमा रहेका क्वारेन्टिन र आइसोलेसन कक्ष अर्को निर्णय नभएसम्म र अन्य विकल्प तयार नभएसम्मका लागि यथावत् सञ्चालनमा ल्याउने निर्णय भएको छ। गत असार २८, २९, यही साउन ४ र ५ गतेको पहिराले जोखिममा रहेका घर तथा अन्य संरचनाको संरक्षण गर्न एवं जोखिम न्यूनीकरण गर्न सम्बन्धित स्थानीय तहहरूबाटै तारजाली व्यवस्था गरी

*वाँकी पृष्ठ ४ मा*

**नेपाल सरकार**

गृह मन्त्रालय

**जिल्ला प्रहरी कार्यालय, तनहुँ**

**दमौली,**

**सूची दर्ता गराउने सम्बन्धी सूचना !**

*सूचना प्रकाशित मिति : २०७७/०४/१६*

यस कार्यालय तथा मातहत बजेट सञ्चालन हुने कार्यालयहरुको लागि आ.व. ०७७/७८ साल भरको निम्नानुसारका कार्यालय प्रयोजनका सामानहरु तथा सेवा आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म, कम्पनि एवं संस्थाहरुबाट सार्वजनिक खरिद ऐन ०६३ तथा सार्वजनिक नियमावली ०६४ को प्रयोजनका लागि सूचि दर्ता आफूले चाहेका कार्यहरुको छुट्टाछुट्टै विवरण भरि योग्यताको आधारमा प्रमाणहरुको प्रमाणित प्रतिलिपि सहित संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको प्रवन्ध शाखामा दरखास्त दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. **खरिद तथा आपूर्तितर्फ** : मसलन्द सामान, कार्यालय सामान, स्टेसनरी तथा छपाई सम्बन्धी सामान ।
२. **मर्मततर्फ** : गाडि मर्मत, कम्प्युटर, फर्निचर, टि.भी, इलेक्ट्रोनिक मेसिनरी औजार, सार्वजनिक निर्माण तथा सुधार सम्बन्धी ।
३. **सेवातर्फ** : हुलाक सेवा, ढुवानी सेवा, कुरियर, विज्ञापन, इन्टरनेट सम्बन्धी ।

**दरखास्त सहित पेश गर्नुपर्ने कागजहरु:**

१. फर्म तथा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
२. स्थायी लेखा नं. र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
३. आ.व. २०७५/२०७६ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. रु १० को टिकट टाँस गरिएको निवेदन ।

*माथि उल्लेखित समान, मर्मत तथा सेवा आदिको प्रत्येक वर्गको प्रत्येक समूहको लागि छुट्टाछुट्टै दर्ता गराउनु पर्नेछ। यदि रीतपूर्वक कागजातहरु पेश हुन नआएमा मान्य हुनेछैन।*

स्वतन्त्र, निर्भिक, निष्पक्ष एवं खोजमूलक पत्रकारिताका लागि
मादीसेती प्रवाह

## सम्पादकीय...

### प्राकृतिक विपद् र मानिस

प्राकृतिक विपद् जोखिमको हिसाबले नेपाल बीसौं स्थानमा छ। हरेक वर्ष यहाँका मानिसले कुनै न कुनै प्राकृतिक विपत्तिको सामना गरिरहेकै छन्। यसवर्ष पनि वर्षायामसँगै आएको बाढी पहिरोले मुलुकमा अर्बौं रुपैयाँ बराबरको धनमालमा क्षति पुऱ्याएको छ। दर्जनौं व्यक्तिको ज्यान गयो भने कयौं व्यक्ति वेपत्ता छन्। खासगरी असार र साउन महिनालाई वर्षायामका रुपमा लिने गरिएता पनि अघिल्ला वर्षको तुलनामा यसवर्ष अधिक वर्षा भएको छ।

प्राकृतिक प्रकोपले हरेक वर्ष धैरैलाई पिरोल्दै आइरहेको छ। यस्ता विपत्तिको कारण पनि मानिस नै मानिदै आएको छ। प्रकृति माथिको मानिसको अतिक्रमणको भागिदार मानिस स्वयं हुनुपर्छ भनिन्छ। भनाई सत्य पनि हो किनभने जथाभावी वनजङ्गल विनास, नदीनाला अतिक्रमण गरी घर, टहरा निर्माण र बिना मापदण्ड एक्साभेटर प्रयोग गरी सडक निर्माण गरिनुले नै मानिसमाथि प्रकृति विपत्ति बनेर आएको छ। आफ्नो स्वार्थमा तल्लिन हुँदा प्रकृतिले मानिसलाई पुऱ्याउने बेफाइदाको बारेमा कसैलाई हेक्का हुँदैन। अन्तत प्रकृति मानिसकै अगाडि विपत्ति बनिदिन्छ। प्राकृतिक विपद् रोकथामका लागि प्रधानमन्त्रीको अध्यक्षतामा जोखिम न्यूनीकरण तथा व्यवस्थापन, राष्ट्रिय परिषद र सम्बन्धित मन्त्रीको अध्यक्षतामा कार्यकारी समिति छ। प्रदेशमा पनि मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद र प्रदेश विपद् कार्यकारी समिति कानुनमन्त्रीको अध्यक्षतामा छ। त्यस्तै जिल्लाको हकमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा विपद् व्यवस्थापन समिति छ तर यी विपद् व्यवस्थापनका संयन्त्रहरुले अपेक्षाकृत काम गर्न सकिरहेका छैनन्। यस्ता समितिहरु कतै कतै त हात्तिको देखाउने दाँत जस्ता बनेका छन्। विपद् आइहाल्दा केही काम गरे जस्तो गर्ने अन्य समयमा शुन्य बस्ने।

विपदको समस्या हरेक वर्ष भेल्नु परेकै छ। त्यसैले वर्षायाम शुरु हुनु अगावै यी संयन्त्रले जिल्लाका बाढी पहिरो जोखिम क्षेत्रको अध्ययन गर्नुपर्छ। विपत्तिबारे पूर्व सूचना दिने यन्त्र जडानलाई तिव्रता दिइनुपर्छ। प्राकृतिक सम्पत्तिको चरम दोहन गरिने कुकार्यलाई रोक्नुपर्छ। विपत्ति के हो ? कसरी आउँछ र यसले पार्ने मानवीय तथा भौतिक क्षतिको बारेमा चेतना फैलाउनुपर्छ।

### तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्बुलेन्स, आँबुखैरेनी | - ५४००२० |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | नेशनल एपोलो हस्पिटल | - ५६१८११ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एपोलो एम्बुलेन्स | - ९८४६४३५६११ |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | नेपाल विद्युत प्राधिकरण(मर्मत) | - ५६०१७६ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्रा.(सब स्टेशन) | - ५६०१९२ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | टिकट काउण्टर (माइक्रो) | - ५६०९०६ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | तनहुँ उद्योग वाणिज्य संघ | - ५६०९७८ |
| सेतीगंगा सा. अस्पताल, वेलचौतरा | - ५७०४५५ | जिल्ला शिक्षा समन्वय इकाइ तनहुँ | - ५६०१०५ |
| एकीकृत नेकपा माओवादी | - ५६०८२३ | मादीसेती प्रवाह दैनिक | - ५६१२९५ |
| नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ | भञ्ज्याङ दैनिक, तनहुँ | - ५६०९०७ |
| नेकपा तनहुँ | - ५६०१३४ | सेतीमादी दैनिक, तनहुँ | - ५६०८८९ |
| आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ | लोकवाणी दैनिक, तनहुँ | - ५६१७०५ |
| भानुभक्त क्याम्पस, खैरेनीटार | - ५७०२४० | तनहुँ आवाज साप्ताहिक | - ५६०८१२ |
| एम्बुलेन्स, दमौली | -५६०२०३, ५६०१६९ | व्यास नगर अस्पताल प्रा.लि. | - ५६१८१२ |
| एम्बुलेन्स, दुलेगौंडा | - ५७०१०२ | व्यास नगर एम्बुलेन्स सेवा | -९८४६१३१०२६ |

# सुनिल थापाको कांग्रेस प्रवेश र महाधिवेशनको हिसाब

**सुदर्शन आचार्य**

महाधिवेशनको पूर्वसन्ध्यामा रहेको नेपाली कांग्रेसमा अन्य दलबाट विभिन्न साइजका नेताको प्रवेश देखिन्छ। केही अगाडि पार्टी नै विलय गराउन पुगेका विजयकुमार गच्छदारदेखि सूर्यबहादुर थापाको विरासतको राजनीति गर्दै आएका सुनील थापासम्मको कांग्रेस प्रवेशलाई लिएर कांग्रेसभित्र जोडघटाउ प्रारम्भ भएको छ। पछिल्लो समय थापालगायतको प्रवेशलाई पौडेल र सिटौला समूहले स्वागत गरे पनि पार्टी संस्थापन पक्षको पार्टी नै कब्जा गर्ने नीतिअन्तर्गत भए गरेका गतिविधिको भने भोलिका मितिमा संगठितरूपमा गतिलै धक्का दिने तयारी भएको बुझिन्छ।कतिपय सिनियर नेता उनीहरूको पार्टी प्रवेश कार्यक्रममा उपस्थित नभएर त्यसको छनक दिइसकेका छन्। उता गच्छदार र थापाले जुन कित्तामा आफूलाई उभ्याएका छन, त्यो कित्ता तुलनात्मकरूपमा केही गह्रुँगो देखिन पुग्नु स्वाभाविक हो। तर गच्छदार, थापा आदि यथास्थितिमै रमाउँछन् वा परिवर्तनका निम्ति मुखरित रूपमा प्रस्तुत भएर पार्टीलाई राप्रपा हुनबाट जोगाउँछन्, त्यसको निम्ति भने पर्खनुपर्ने हुन्छ। कांग्रेस पार्टीको वर्ग चरित्र भनेको यथास्थितिवादी होइन। यथास्थितिमै रमाएको हुन्थ्यो भने यथास्थितिवादी मातृकाप्रसाद कोइरालालाई आफ्नो राप र तापबाट पन्छाउने हैसियत वीपीले राख्ने नै थिएनन्। 'वीपी'को पार्टीमा 'बिबि'को खटन-पटन रहिरहुन्जेल गोविन्दराज जोशी, पुष्करनाथ ओझा र रामबहादुर बिष्टको नियति भोलिका मितिमा दर्जनौंले भोग्नुपर्ने निश्चितप्रायः छ। परिवर्तनको मार्ग छोडेर यथास्थितिको गोरेटोतिर हिँड्नबाट कांग्रेसलाई रोक्न नसक्ने हो भने कांग्रेसले समाउने बाटो भनेको प्रजापरिषद् नै हो। सुस्पष्ट दृष्टिकोण, सुव्यवस्थित योजना र सुनियोजित वैचारिक बहसपछिको हस्तक्षेपबाट युवाले पार्टीलाई आफ्नो हातमा ल्याइहाल्न सक्ने सम्भावना हालका लागि क्षीण देखिएपछि मौजुदा नेतृत्वहरूमध्येबाटै कांग्रेसको नेतृत्वमा को भन्ने बहस प्रारम्भ भएको छ। स्वभावैले सभापति शेरबहादुर देउवा, वरिष्ठ नेताद्वय रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला कांग्रेस नेतृत्वका आकांक्षी हुन्। तर यो पटक नेतृत्वको आकांक्षी केवल यी तीनमात्र रहने सम्भावना न्यून छ। नेतृत्वका प्रवल आकांक्षीमा उपसभापति विमलेन्द्र निधि, पूर्वमहामन्त्री प्रकाशमान सिंह, महामन्त्री डा. शशांक कोइराला, केन्द्रीय सदस्य डा. शेखर कोइराला आदिको नाम सतहमा आएका छन्। घटनाक्रमले सभापतिका प्रत्यासीका रूपमा गगन कुमार थापालाई पनि मैदानमा ल्याउन सक्छ। वि.सं.२००३ मा कांग्रेस पार्टीको स्थापना गर्दा वीपी कोइरालाको उमेर जम्माजम्मी ३३ वर्षको थियो। ४५ वर्षको उमेरमा त उनले नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्रीको हैसियतमा सपथ खाइसकेका थिए। नेतृत्व पालो पर्खेर वा याचना गरेर पाइने भए हालका सभापति देउवा यतिबेला महामन्त्री वा मनोनित उपसभापतिमा सीमित हुन्थे। मुलुकमा कुनै पनि प्रकारको निरंकुशता हाबीहुँदा निरंकुशता परास्त गरेसँगै परिर्वतनको झण्डा बोकेर संघर्षको मैदानमा उत्रने शक्ति कांग्रेस नै हो भनेर विरासतबाट पाएको शाखका कारण नै आजका मितिसम्म कांग्रेस टिक्न सकेको छ। प्रधानमन्त्री र पार्टी सभापतिको हैसियतमा देउवाको कार्यकाल पार्टी र मुलुकका लागि कति प्रियकर बन्यो त्यो छलफलको विषय बन्न सक्छ। तर नेतृत्व प्राप्तिको उत्कट अभिलाषा वा विद्रोहले नै उनलाई पार्टी सभापति र चाररचार पटक प्रधानमन्त्री बन्ने अवसर प्राप्त भएको हो। तसर्थ, देशैभरका युवाको दबाब र युग सुहाउँदो कांग्रेस निर्माणका लागि विचार र उमेर दुवैले युवा खोजिरहेको सन्दर्भमा सभापतिका प्रत्यासीका रूपमा युवा स्वयं पनि मैदानमा ओर्लने सम्भावनालाई अस्वीकार गरिहाल्न सकिँदैन।

**सच्याउने अवसर**

अस्थिरता, गुटबन्दी र व्यक्ति केन्द्रित राजनीतिमा रुमलिएको कांग्रेसलाई निष्ठा, सिद्धान्त र वैचारिक कांग्रेसमा रूपान्तरण गर्नका निम्ति सोहीअनुसारको नेतृत्व चयन आवश्यक छ। हिजो नेताले आफ्नो मूल्याङ्कन गरेनन् भनेर नथाक्ने कार्यकर्ताले आफूसँगै पार्टी र मुलुकको समेत सुस्पष्ट मूल्याङ्कन गर्न सक्ने नेतृत्व छनोट गर्ने उपयुक्त समय हो महाधिवेशन। महाधिवेशनमा गुट हेरेर तथा सिद्धान्तहीन, मुद्दाविहीन तथा दिशाभ्रष्ट व्यक्तिलाई पार्टीको नेतृत्व सुम्पेर वीपीकालीन वा गणेशमान सिंह तथा कृष्णप्रसाद भट्टराईकालीन समयको जस्तो ओझपूर्ण कांग्रेस खोज्नु नै कार्यकर्ताको कमजोरी हो। महाधिवेशनको पूर्वसन्ध्यामा हुने गाउँ क्षेत्र र जिल्ला तहका अधिवेशनहरूमा 'कस्तो कांग्रेस, कसको कांग्रेस' भन्ने बहस प्रारम्भ नगर्ने हो भने कांग्रेसको भोलिको नेतृत्व पनि आजको भन्दा तुलनात्मक रूपमा फरक आउने सम्भावना न्यून छ। कांग्रेस कार्यकर्ताले आजैका मितिबाट बुझ्नैपर्ने विषय भनेको सुगठित इच्छाशक्ति र अदम्य साहस बोकेको वैचारिक नेतृत्व चयन नै हो। कम्युनिस्ट पार्टीको घोषणापत्र जारी गर्दा कार्लमाक्स जम्माजम्मी ३० वर्षका थिए। फ्रान्सका म्याक्रोन, फिनल्याण्डकी सन्ना मारिनजस्ता अदम्य साहस बोकेका युवासम्म पुग्नै पर्दैन। नेपालको साम्यवादी आन्दोलनलाई बहुदलीय प्रजातान्त्रिक धारमा रूपान्तरण गर्ने महत्वपूर्ण कामको योजनाकार मदन भण्डारी ४० वर्षका मात्र थिए। कलिलै उमेरमा अदम्य साहसका साथ राजा महेन्द्रको 'शाही कु' का विरुद्ध परिवर्तनको झण्डा उचालेर सडकमा उत्रिँदा शैलजा आचार्य के नै उमेरले परिपक्व थिइन् र। कार्यकर्ता, देश र विधि र पद्धतिलाई भन्दा राष्ट्रियरअन्तर्राष्ट्रिय बिचौलियालाई प्राथमिकतामा राख्ने नेतृत्व चयन रोकेर पार्टीलाई थप क्षयीकरण हुनबाट रोक्नका निम्ति ग्रामीण तहसम्म कांग्रेसको भविष्यका बारेमा बहस गर्न ढिला भइसकेको छ। तसर्थ, महाधिवेशनका माध्यमबाट पार्टी र नेतृत्व दुवैलाई सच्याउनका निम्ति कार्यकर्ताको हातमा आएको सुनौलो अवसर पनि हो, महाधिवेशन। जुन महाधिवेशनबाट कार्यकर्ताले पार्टीको 'नीति र नेतृत्व' दुवै सच्याउन सक्छन्।

**कांग्रेसका आगामी चुनौती**

सत्ताको भद्दा खेलमा पार्टी नराम्ररी फस्न पुग्दा 'दुईतिहाइ भए पनि केही नहुने रहेछ' भन्ने सन्देश नेकपाका कारण सम्प्रेषण भएको छ। सत्तारुढ दलभित्रको झगडाको उत्कर्षको विषय निर्मला पन्तलाई कसरी न्याय दिने, कोभिडका कारण रोजगारी खोसिएर नेपाल फर्किएका युवालाई रोजगारीमा कसरी सेटल गर्ने, यति, ओम्नी, सुनकाण्ड लगायत भ्रष्टाचार प्रकरणमा सामेललाई कसरी कारबाहीको दायरामा ल्याउने, न्यायालयमै भूकम्प जाने स्तरका फैसला हुन थालेबाट न्यायिक प्रकृयामै कहाँ र कसरी त्रुटि भयो भन्नेजस्ता विषय थिएनन्। विषयतः केवल जति नै अलोकप्रिय भए पनि सत्तामा कसरी टिकिराख्ने वा सत्ता कसरी प्राप्त गर्ने भन्ने नै देखियो। सत्ताको यो निजी 'म्युजिकल चियर'को विषय र त्यसले समाजमा पारेको असरका बारे प्रतिपक्षको हैसियतले संसद, सञ्चार माध्यम र आन्तरिक बैठकहरूमा कांग्रेसले दह्रो अडान राख्न सक्नुपर्थ्यो। तर, प्रतिपक्षी कांग्रेसमा केवल नेकपामा फुट आइदिए हुन्थ्यो भन्दै टेलिभिजनको स्क्रिनमा आँखा लगाएर बसेको उदेकलाग्दो दृश्य देखिँदैछ। सत्ताप्राप्तिको मात्र ध्येय राख्ने काम वीपी कोइरालाद्वारा निर्मित कांग्रेसको वर्गचरित्र होइन। नेपालको जेठो राजनीतिक दल, परिवर्तनका निम्ति चार/चारपटक अगुवाइसमेत गरेका पार्टीका गायक एवं संगीतकार गणेश रसिक तथा रचनाकार बासु शशिको 'आँगनीमा देऊ न मलाई बास' बोलको गीतझैं सत्ताको भाग कुरेर बसेको छ।

आजको सोच, संस्कार र शैलीको कांग्रेसले मुलुकमा वर्तमानसँगै सत्ताको घरझगडाले गणतन्त्रसम्ममा पार्न सक्ने सम्भावित असरको चुनौती रोक्नै सक्दैन। चीनको अस्वाभाविक चलखेल, भारतसँग बढ्दै गएको दुरी, सुशासन, विधि र पद्धति मिच्ने कामजस्ता सत्ताद्वारा सिर्जित विकराल चुनौती कांग्रेससामु छर्लङ छन्।

तर, त्यसलाई टुलुटुलु हेरेर 'अख्तियारमा एक सिट चाहियो' भनेर बस्नेबाहेक कांग्रेस नेतृत्वबाट जनताका पक्षमा सत्तालाई धक्का पुऱ्याउने काम हुनै सकेन। अर्कोतिर सैद्धान्तिक स्पष्टता, संगठन निर्माण, अन्तर्राष्ट्रिय सम्बन्ध जस्ता विषयमा कांग्रेसले देखाएको उदासीनता स्वयं कांग्रेसको चुनौतीको विषय बनेको छ।

महाधिवेशनको तिथि घोषणापछि केन्द्रीय समितिमा महत्वपूर्ण पोजिसन दिनेगरी व्यक्ति प्रवेश गराएबाट कांग्रेस सैद्धान्तिक विचलनको उत्कर्षमा पुगेको निष्कर्ष निकाल्न गाह्रो छैन। लोकतन्त्रको पर्याय भनेर विरासतबाट निःशुल्क पाएको उपहारले मात्र भविष्यका चुनौती पार लगाउने क्षमता कांग्रेसले राख्न सक्दैन। संघर्ष र जनताको अधिकारका निम्ति आवश्यक पर्दा जेलसम्म पुग्न सकिने खतरा सम्झनासाथ झस्कने कांग्रेस नेतृत्वबाट कांग्रेसलाई अलग्याएर संघर्षलाई प्राथमिकतामा राख्ने नेतृत्वको हातमा देशैभरका



*बाँकी पृष्ठ ३ मा*

मनोरञ्जन

# छक्का पञ्जा ४' को निर्माण धकेलियो

नेपाली फिल्म इतिहासमा सर्वाधिक कमाई गर्ने फिल्मको सिरिज हो 'छक्का पञ्जा' । यो फिल्मका तीनवटा सिरिजले नेपाली फिल्मको स्वदेश तथा विदेशमा बजार विस्तार गर्न पनि ठूलो भूमिका खेलेको छ । अब यो फिल्मको चौथो श्रृंखला निर्माण हुँदैछ । यस वर्षको दशैंमा प्रदर्शन गर्ने घोषणा गरिए पनि कोरोनाको महामारीका कारण फिल्मको छायांकन समेत सुरु भएको छैन । चलनचल्तीमा रहेका उखान टुक्कालाई जोडजाड गरेर फिल्म बनाउने गरेको आरोप खप्दै आएको दीपक दीपाको समुह 'छक्का पञ्जा ४' मा भने फरक कथा भन्ने प्रयासमा छ । कलाकार दीपकराज गिरी लकडाउन हुनुभन्दा अगावैदेखि फिल्मको स्क्रिप्टमा व्यस्त थिए । लामो समयदेखि एउटै शैलीको कथा भनेका कारण यसपटक आफ्नोपन बोक्ने कथा भन्ने उनले बताएका छन् । 'छक्का पञ्जा ४' को कथा अघिल्ला सिरिजभन्दा भिन्न रहेको र छायांकनका लागि एक वर्ष लाग्ने दीपकराजको भनाई छ । उनका अनुसार, फिल्म तीन करोडको




लागतमा निर्माण हुनेछ । फिल्मको छायांकन लामो समयसम्म चल्ने भएकाले योभन्दा अगाडि दीपक दीपाको समुह बाहिरी ब्यानरको फिल्म गर्ने तयारीमा छ । स्थिति सामान्य भएपछि उक्त फिल्मको छायांकन सुरु हुनेछ । '६ एकान ६' देखि फिल्म निर्माणमा सक्रिय रहेको दीपक दीपाको समुहले गएको वर्षबाट बाहिरी ब्यानरसँग सहकार्य गरेर फिल्म निर्माण गर्न थालेको हो । फिल्म 'छ माया छपक्कै' मा मुनाफाको ६० प्रतिशत लिने सर्तमा उनीहरुले निर्माता रोहित अधिकारीसँग सहकार्य गरेका थिए । यो फिल्म सफल भएपछि दीपक दीपाको समुहलाई बाहिरी ब्यानरसँग सहकार्य गर्न थप सहज भएको छ ।

*फिल्मीखवरबाट*

# सुनिल थापा........

कार्यकर्ताले कांग्रेस नसुध्रिएसम्म जनताको कांग्रेस बन्नै सक्दैन ।

**२१ औं शताब्दीको कांग्रेस**

अध्ययनशील र नयाँ टेक्नोलोजीमा अभ्यस्त पुस्तालाई अबको कांग्रेसले आफ्नो एजेण्डासँग जोड्न सक्नुपर्छ र जोड्न सक्षम छ भन्ने सन्देश आफ्ना कार्यक्रममार्फत दिन सक्नुपर्छ । कांग्रेस र जनताबीचको दुरी निकै बढेको छ । जनतामा पुनर्स्थापित हुनका निम्ति 'प्रजातान्त्रिक समाजवाद' को पुनर्व्याख्यासहित कृष्णप्रसाद सिटौलालगायत विचार समूहले भन्दै आएझैं विचार र परिवर्तनको झण्डा बोकेर जनताको बीचमा जान नसक्दासम्म समाजवादलाई लुटपाटको भऱ्याङ बनाउनेहरूले बनाइरहने छन् । आजको युवापुस्ता यथास्थितिमा रमाउने कांग्रेसको मक्किएको पुस्तालाई परिर्वतनको संवाहक मान्न तयार छैन भने अर्कोतिर स्वतन्त्रता, सम्मान र क्षमतामा पहुँचजस्ता कुरामा कोही कसैसँग सम्झौता गरिहाल्ने पक्षमा छैन । तिनै स्वाभिमानी युवालाई आफ्नो एजेण्डामार्फत जोड्न नसक्दा २१ औं शताब्दीको कांग्रेस निर्माण पनि असम्भव छ । कांग्रेसको इतिहासका बारेमा खोट लगाउने ठाउँ छैन । तर, वर्तमान नेतृत्वमा खोटबाहेक असल गुण खोज्नु भनेको जुम्लाको भिरमा शिलाजित खोज्नु बराबर कठिन भएको छ । यति हुँदाहुँदै पनि मुलुकमा कुनै पनि प्रकारको निरंकुशता हाबीहुँदा निरंकुशता परास्त गरेसँगै परिर्वतनको झण्डा बोकेर संघर्षको मैदानमा उत्रने शक्ति कांग्रेस नै हो भनेर विरासतबाट पाएको शाखका कारण नै आजका मितिसम्म कांग्रेस टिक्न सकेको छ ।तर, विरासतको गुणगानले मात्र कांग्रेस जीवन्त रहन सक्दैन । कांग्रेसका बारेमा भन्नैपर्ने हुन्छ- जनताको बोली बोल्ने २१औं शताब्दीको कांग्रेस निर्माणका लागि कांग्रेस कार्यकर्ताले आगामी महाधिवेशनबाट कांग्रेसको 'नीति र नेतृत्व' मा आमूल परिवर्तन जरुरी छ र परिवर्तन अवश्यम्भावी पनि छ ।

*अनलाइनखवरबाट*

# पोखराका होटल खुले

**मादीसेती प्रवाह**

**पोखरा/१५, साउन**

पोखराका होटेल शुक्रवारदेखि खुलेका छन् । साउन १५ गतेदेखि पर्यटकीय क्षेत्र खुल्ने सरकारको निर्णयसँगै होटलहरु खुलेको वताइएको छ । चार महिनायता बन्द भएका होटल खुले पनि आन्तरिक तथा बाह्य उडान नखुलेका अवस्थामा पर्यटकको आवागमनका लागि भने समय कुर्नुपर्ने देखिएको व्यवसायी बताउँछन् । लामो समयदेखि बन्द भएका होटेल सञ्चालनका लागि आवश्यक पूर्वाधार व्यवस्थापनलगायत कामलाई व्यवसायीले अघि बढाएको पश्चिमाञ्चल होटेल सङ्घका अध्यक्ष विकल तुलाचनले जानकारी दिए ।

अघिपछि पनि वर्षातको समयमा पोखरामा पर्यटकको खासै चहलपहल नहुने गरेको बताउँदै उनले असोज लागेपछि मात्रै आवागमन बढ्ने बताए । यसबीचमा होटेल सञ्चालकले कर्मचारीका लागि होटेल सञ्चालन कार्यविधि, सुरक्षा मापदण्डलगायत विषयमा अभिमुखीकरण गराउने उनले उल्लेख गरे । सरकारले साउन १५ देखि पर्यटन क्षेत्र खुल्ने भने पनि अधिकांश होटेलमा कार्यरत कर्मचारी घरमा गएको र उनीहरू फर्किनसकेकाले पूर्णमा सञ्चालनमा आउन समय लाग्ने होटेल एशिया लेकसाइडका सञ्चालक धर्म पन्थीले बताए । राष्ट्रिय र अन्तर्राष्ट्रिय उडानको अवस्थापछि मात्रै पर्यटकीय चहलपहल हुने भएकाले व्यवसायीहरू त्यसको प्रतिक्षामा रहेको उनले बताए ।

# कोभिड नियन्त्रणमा नखटिने २५ स्वास्थ्यकर्मी पक्राउ

**वीरगञ्जैं /१५, साउन**

पर्सामा बिहीबार २५ जना स्वास्थ्यकर्मी पक्राउ परेका छन् । वीरगञ्ज महानगरपालिकाले कोरोना भाइरस (कोभिड १९) संक्रमण रोकथाम तथा नियन्त्रणका लागि खटाएको भनिएका कर्मचारीहरु काममा नआएपछि उनीहरुलाई पक्राउ गरिएको हो । महामारीको अवस्थामा काममा विभिन्न बहानाबाजी गरेर काममा नखट्ने कर्मचारीलाई समातेर ल्याउन प्रशासनले आदेश दिएपछि उनीहरुलाई पक्राउ गरिएको पर्साका प्रहरी उपरीक्षक गंगा पन्तले जानकारी दिइन् ।

'वीरगञ्ज महानगरपालिकाले कोभिडमा खटाएका कर्मचारीहरु काममा गएनछन्, प्रशासनको आदेशले २५ जनालाई नियन्त्रणमा लिएका छौं ।' उनले भनिन् ' अझै ५ जनालाई खोजी गरिरहेका छौं ।'

प्रशासनले कोभिड महामारीमा खटाउन कर्मचारी माग गरेपछि महानगरपालिकाले ३० जना कर्मचारीको विवरण अस्पतालमा पठाएको थियो । जसमध्ये ४ जना जनस्वास्थ्य निरीक्षक, ११ जना सिनियर अहेब (छैटौं), ६ जना हेल्थ असिस्टेन्ट, ५ जना अहेब र ४ जना अनमी पठाएको थियो । तर अस्पतालबाट उनीहरुलाई सम्पर्क गर्दा कसैले पनि सकारात्मक जवाफ नदिएको तितो अनुभव नारायाणी अस्पतालका डारु. उदय नारायाण सिंहसँग छ । 'केहिले हामीले काज सरुवाको पत्र बुझेकै छैनौं, किनकी पहिलाको भत्ता दिएका छैनौं, त्यसैले आउन सक्दिनौं भने । केहिले व्यक्तिगत र परिवारिक स्वास्थ्य समस्या देखाए ।' उनले भने ' कोहि पनि आउन तयार रहेनछन् । त्यसपछि मेसु सर र प्रशासनलाई जानकारी गराएको हुँ ।'

नारायणी अस्पतालमा स्वाब संकलन, थप आइसोलेसन व्यवस्थापन, अस्थयी कोभिड अस्पतालमा आवश्यक जनशक्तिको अभाव छ । त्यसका लागि स्थानीय प्रशासनले महानगरपालिकासँग कर्मचारी मागेको थियो । महानगरको स्वास्थ्य महाशाखाका कर्मचारीले सहयोग गरे थप आइसोलेसन सेन्टर स्थापना गरेर सञ्चालनमा ल्याउन सकिने प्रशासनको निष्कर्ष छ ।

विपद्का बेला काम नगर्ने कर्मचारीलाई नियन्त्रणमा लिन माथिल्लो निकायबाटै आदेश भएकोले सोही अनुसार निर्देशन दिइएको सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेत बताउँछन् । 'महानगरपालिकाले नै ३२ बेडको आइसोलेसन सिद्धार्थ माविमा तयार गरेर राखेको छ,' उनले भने, 'अस्पताल र स्वास्थ्य कार्यालयसँग प्रयाप्त जनशक्ति छैन, जसोतसो भरथेग गरिरहेका छन् । *अनलाइनखबरबाट*






**पत्रकार आचारसंहिता २०६० मा उल्लेखित आचरणहरुको उल्लघंन गरेको छ भनि पिडित पक्षलाई लागेमा त्यस्ता पत्रकार तथा सञ्चार माध्यम विरुद्ध प्रकाशन तथा प्रसारण भएको मितिले १५ दिन भित्र प्रेस काउन्सिलमा उजुरी दिई आफ्नो अधिकारको संरक्षण गरौं।**

नेपाल सरकार
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# प्रजिअ.. प्रकोप....

भन्दा पनि सर्वसाधारण आफै सजक र सचेत वनी सावधानी अपनाउनुपर्ने प्रजिअ अधिकारीले वताएका थिए।

प्रेस सँग समन्वय र सहकार्य गरि अघि वढ्ने आचार्यको भनाई थियो। कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जिल्लाका बाढी, पहिरो, कोरोना लगायतका विपदका सम्बन्धमा जिल्लाको पछिल्लो अवस्थाबारे जानकारी गराएका थिए।

उक्त कार्यक्रममा जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख प्रहरी उपरीक्षक अरुण पौडेल, नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष ओमकार आचार्य लगायत पत्रकारहरुको सहभागिता रहेको थियो।

वितरणलगायत अन्य आवश्यक गर्ने निर्णय भएको छ। गण्डकी प्रदेश सरकारबाट ३० हजार थान तारजाली माग गरी जिल्लाको जोखिम न्यूनीकरण कार्यमा प्रयोग गर्न गराउन जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयलाई निर्देशन दिइएको छ।

भीषण वर्षाका कारण कृषि तथा पशुजन्य व्यवसायमा क्षति भएको भनी विभिन्न व्यक्तिले राहतका लागि निवेदन दिएकाले क्षति भएका कृषकलाई राहत उपलब्ध गराउन गण्डकी प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय बैठकले गरेको छ। हाल बन्दाबन्दी अन्त्य भए तापनि कोभिड १९ को जोखिम कायमै रहेकाले जिल्ला प्रशासन कार्यालयको दैनिक कार्यसमेत सञ्चालन भई रहेको सन्दर्भमा स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पूरा गर्न आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामग्री खरिद गर्न विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्डबमोजिम जिल्ला विपद् व्यवस्थापन कोषबाट रु एक लाख खर्च गर्ने निर्णय गरिएको छ।

नदी, खोला तथा खहरेबाट तोकिएको मापदण्ड कडाइका साथ पालना गरेर मात्र नदीजन्य पदार्थको उत्खनन गर्न, बहाव क्षेत्र अतिक्रमण हुन नदिन तथा जोखिम नक्साङ्कन गरी न्यूनीकरण गरेर मात्र भौतिक पूर्वाधार निर्माण गर्न स्थानीय तहलाई अग्रसरता देखाउन आग्रह गरिएको छ। *रासस*

"पर्यटन, कृषि, शिक्षा र पूर्वाधार, वन्दीपुर समृद्धिको आधार"

## वन्दीपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**वन्दीपुर, तनहुँ, गण्डकी प्रदेश नेपाल**

### प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

*प्रथम पटक प्रकाशित मिति २०७७/४/१५*

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स. २०७७।७८, च.न/PMEP/२३ को मिति २०७७।४।१२ को पत्र अनुसार यस बन्दिपुर गाउँपालिकामा सँचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यलयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क.स | विज्ञापन न. | पद | तह | सँख्या |
|---|---|---|---|---|
| १ | ०१-०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१:- आवश्यक न्यूनतम योग्यता र अनुभव

क) सिभिल ईन्जिनियरिमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

ख) अनुभव र सीप प्रावधिक सहायकमा देहायका अनुभव र सिप आवश्यक पर्नेछ

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको
- पूर्वधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने , आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलमि काम गरको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

ग) उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२:- दरखास्त दिने स्थान :- बन्दिपुर गाउँपालिकाको कार्यलय

३:- दरखास्त दिने अन्तिम मितिः-२०७७।४।२९ गते कार्यालय समय सम्म

४:- आवेदन दस्तुर रु ४००।– एन.आई.सी.एशिया. बैंक लि. मा रहेको स्थानिय तह संचितकोष बन्दिपुर गाउँपालिकाको खाता नं. १४६२०५००२६९१२००११ मा जम्मा गरी सोको सक्कलै भौचर संलग्न हुनु पर्नेछ ।

५: छनौटको किसिमः- प्रारम्भिक योग्यताको सूची प्रकाशन र लिखित परिक्षा

६:- आवेदनका साथ सँलग्न कागजातहरु आवेदक स्वयमले प्रमाणीत गरेको कागजातको प्रतिलिपिहरु (नागरिकता न्युनतम योग्यताको लब्धाँक प्रमाणपत्र चारित्रिक प्रमाण पत्र अनुभव खुल्ने कागजात २ प्रति पासपोर्ट आकारको फोटो)

७:- सेवा सुविधा गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रक्रियाको दफा (११)(१२) र (१३) बमोजिम हुनेछ ।

नोट : थप जानकारीका लागि सम्पर्क नं. ९८५६०६७८२५, आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण www.bandipurmun.gov.np अथवा www.pmep.gov.np मा उपलब्ध छ ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

## म्याग्दे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**छाङ्ग, तनहुँ**
**गण्डकी प्रदेश, नेपाल**

### अत्यन्त जरूरी सूचना

सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था भए अनुसार तपशिलका कागजात सहित सम्बन्धित वडा कार्यालयमा गएर आफ्नो परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ ।

**तपशिल**

**जेष्ठ नागरिक भत्ता पाउने लाभग्राहीहरुको लागि**
- २ प्रति पासपोर्ट साइजको फोटो
- नागरिकताको फोटोकपी - सक्कल परिचय पत्र ।

**६० वर्ष भन्दा माथिका विधवा भत्ता पाउने लाभग्राहीहरुको लागि**
- २ प्रति पासपोर्ट साइजको फोटो - नागरिकताको फोटोकपी
- पतिको मृत्यु दर्ता प्रमाणपत्र - सक्कल परिचयपत्र ।

**६० वर्ष भन्दा माथिका एकल महिला भत्ता पाउने लाभग्राहीहरुको लागि**
- २ प्रति पासपोर्ट साइजको फोटो - नागरिकताको फोटोकपी
- सम्बन्ध विच्छेद गरेको र विवाह नगरेको प्रमाणपत्र
- सक्कल परिचयपत्र ।

**पूर्ण अपाङ्ग भत्ता पाउने लाभग्राहीहरुको लागि**
- २ प्रति पासपोर्ट साइजको फोटो
- नागरिकता वा जन्म दर्ताको फोटोकपी
- गाउँपालिकाले जारी गरेको परिचयपत्र - सक्कल परिचयपत्र ।

**बालबालिका पोषण भत्ता पाउने लाभग्राहिहरुको लागि**
- २ प्रति पासपोर्ट साइजको फोटो - जन्म दर्ताको फोटोकपी
- हकवालाको नागरिकताको फोटोकपी- सक्कल परिचयपत्र ।

**श्रावण मसान्तसम्म परिचयपत्र नविकरण नगराएको खण्डमा यो आर्थिक वर्षमा भत्ता उपलबध हुने छैन्।**

## ADMISSION OPEN

**STUDY IN KOREA** — **100% VISA**

- +2 Pass with 45% Above Can Apply
- Long Gap Accepted
- Easy Documentaion & Cheap Fees
- Universities Availiable in Seoul & Busan
- Visa Issued by University
- With or Without IELTS Can Apply
- Scholarship Availiable

**PROCESS ONLINE**

BE SAFE - MAKE SOCIAL DISTANCING - AVOID COVID_19

We Have Quality TM
NCS EDUCATIONAL FOUNDATION
BROADEN YOUR HORIZONS... SINCE 2000
STUDY ABROAD | TEST PREPARATION

**Head Office:**
Damauli, Tanahun, Nepal
+977-65-561888

**Corporate Office:**
Bagbazar, Kathmandu, Nepal
+977-1-4266588

**मादीसेती प्रवाह राष्ट्रिय दैनिकका लागि सल्लाहकारः** अशोककुमार श्रेष्ठ, हरिवंश वाग्ले, **प्रकाशक/सम्पादकः** ओमकार आचार्य, **व्यवस्थापक :** राजेश्वर हड्खले, **कार्यकारी सम्पादकः** अञ्जना तिमल्सेना (न्यौपाने), संवाददाता : मिला दरैं, **वितरकः** तिलबहादुर थापा, **कार्यालयः** व्या.न.पा.-३, सफासडक, दमौली, **फोनः** ०६५-५६१२९५,९८४६०९१३४५ E-mail:- madisetiprawha@gmail.com **मुद्रणः- विज्ञान प्रिन्टर्स दमौली।**